११३८/६२०

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३८४/२०७१/०७२

निर्णय नं. ७५१

झापा जिल्ला, गरामुनी–३ बस्ने उमेश अकौलिया ...................................................... पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, उप-स्वास्थ्य चौकी कार्यालय, कोरोबारी, झापा......................................१ विपक्षी
सूचना अधिकारी, उप-स्वास्थ्य चौकी कार्यालय, कोरोबारी, झापा ...... ..............................१

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

झापा जिल्ला, गरामुनी–३ बस्ने उमेश अकौलियाले उप-स्वास्थ्य चौकी कार्यालय, कोरोबारी, झापासमक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।२३ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको च.नं. १५९४ मिति २०७२।०२।०८ को पत्रबाट उप-स्वास्थ्य चौकी कार्यालय, कोरोबारी, झापालाई के कति कारणले पुनरावेदनलाई सूचना उपलब्ध नगराइएको हो भनी लेखी पठाइएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७२ चैत्र २३ गते रोज ३ शुभम्